# गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार

## एनआरएनए एनसिसि कतार पत्रकारीता पुरस्कार नियमावली - २०१९

**प्रस्तावना**

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको विधानको दफा ३ मा उल्लेखित उद्देश्यहरु मध्ये पेशागत पत्रकारीलाई प्रोत्साहित र पत्रकारीताको विकास गर्न गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको विधानको दफा १८.२ ले प्रदान गरेको अधिकार प्रयोग गरी पत्रकारीता क्षेत्रमा समर्पित भएर पत्रकारीताको संस्थागत विकास र प्रतिष्ठाको निम्ति अद्वितीय योगदान दिएका नेपाली पत्रकारिता क्षेत्रमा उल्लेखनीय योगदान दिने पत्रकारहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले एनआरएनए एनसिसि कतार पत्रकारीता पुरस्कार स्थापना गरी वितरण गर्न एनआरएनए एनसिसि कतार पत्रकारीता पुरस्कार नियमावली - २०१९ तयार पारी जारी गरिएको छ।

## परिच्छेद -१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ**

क) यस नियमावलीको नाम गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार पत्रकारीता पुरस्कार नियमावली - २०१९ हुनेछ। संक्षिप्तमा **एनआरएनए एनसिसि कतार पत्रकारीता पुरस्कार** नियमावली - २०१९ हुनेछ।

ख) यस नियमावली कार्यसमितिको पूर्ण बैठकले पारित गरे पछि तुरुन्त लागु हुनेछ।

२. **छाप, झण्डा र कोषको स्थापना :-**

क) यस नियमावलीको छाप र झण्डा गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको छाप र झण्डा नै प्रयोग गरिनेछ।

ख) यस **एनआरएनए एनसिसि कतार पत्रकारीता पुरस्कार**को स्थापना सन् २०१९ हुनेछ।

## परिच्छेद- २

३. **परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा–

क) "गैरआवासीय नेपाली" भन्नाले गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदलाई बुझाउने छ।

ख) "संघ" भन्नाले गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदलाई बुझाउने छ।

ग) "राष्ट्रिय समन्वय परिषद्" भन्नाले गैरआवसीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतार भन्ने सम्झनु पर्दछ।

घ) "एनआरएनए, एन. सी. सी. कतार" भन्नाले गैरआवसीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतार भन्ने सम्झनु पर्दछ

ङ) "विधान" भन्नाले गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको विधान भन्ने सम्झनु पर्दछ।

च) "केन्द्रिय विधान" भन्नाले गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदको विधान भन्ने सम्झनु पर्दछ।

छ) "परिषद भेला" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको परिषद भेलालाई बुझाउने छ।

ज) "अध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको अध्यक्षलाई बुझाउने छ।

झ) "उपाध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको उपाध्यक्षलाई बुझाउने छ।

ञ) "महासचिव" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको महासचिवलाई बुझाउने छ।

ट) "सचिव" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको सचिवलाई बुझाउने छ।

ठ) "कोषाध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको कोषाध्यक्षलाई बुझाउने छ।

ड) "सह-कोषाध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको सह-कोषाध्यक्षलाई बुझाउने छ।

ढ) "सदस्य" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको कार्य कारिणी समितिको सदस्यलाई बुझाउने छ।

ण) "सल्लाहकार" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारले चयन गरेका सल्लाहकारलाई बुझाउने छ।

त) "छनौट समिति " भन्नाले एनआरएनए एनसीसी पत्रकारिता पुरस्कार छनौट समितिलाई बुझाउने छ।

थ) "छनौट समिति सदस्य" भन्नाले एनआरएनए एनसीसी पत्रकारिता पुरस्कार छनौट समितिको सदस्यहरुलाई बुझाउने छ।

द) "पञ्जिकृत सदस्य" भन्नाले गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारले तोके बमोजिमको सदस्यता शुल्क बुझाई रित पुर्वक सदस्यता प्रदान गरेको सदस्यलाई बुझाउनेछ।

ध) "कार्यसमिति" भन्नाले विधानमा व्यवस्था भए बमोजिम गठन भएको राष्ट्रिय समन्वय परिषद् कतारको कार्य समितिलाई सम्झनु पर्दछ।

न) "पुरस्कार" भन्नाले एनआरएनए एनसीसी पत्रकारिता पुरस्कारलाई सम्झनुपर्छ।

## परिच्छेद- ३
## स्थापना, उद्देश्य र श्रोत

**४) पत्रकारिता पुरस्कारको स्थापना:**

क) गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको उद्देश्य पुरा गर्न स्वस्थ्य, निश्पक्ष र पारदर्शी पत्रकारिताको विकासमा समर्पित पत्रकारलाई प्रत्येक दुई वर्ष पुरस्कृत गर्नको लागि यस पुरस्कारको स्थापना हुनेछ।

**५) उद्देश्य**

एनआरएनए एनसीसी पत्रकारिता पुरस्कारका उद्देश्यहरु निम्न बमोजिम हुनेछ।

क) मर्यादित र पेशागत पत्रकारिलाई प्रोत्साहित गर्नु।

ख) प्रवासमा नेपाली पत्रकारिताको विकास गर्नु।

ग) व्यवसायिक र परोपकारी पत्रकारितालाई सम्मान गर्नु।

**६) श्रोत :-**

यस एनआरएनए एनसीसी पत्रकारिता पुरस्कारको मुख्य श्रोत निम्न अनुसार हुनेछ।

क) राष्ट्रिय समन्वय परिषद कतारका सदस्यहरुबाट प्राप्त हुने सहयोग रकम।

ख) कुनै ईच्छुक दाता व्यक्ति संघ संस्था वा राज्यवाट प्राप्त चन्दा, उपहार, दान, प्रायोजन आदि।

ग) राष्ट्रिय समन्वय परिषद कतारले तोके अनुसार सदस्यको मासिक शुल्क मध्येबाट प्राप्त रकम।

घ) आई. सी. सी., वा राष्ट्रिय समन्वय परिषदले विविध कार्यक्रम संचालन गरी प्रदान गरेको रकम।

ङ) यस प्रयोजनमा संचालन गरिने च्यारिटी कार्यक्रम वा विविध श्रोतहरुवाट प्राप्त रकम।

च) विविध।

## परिच्छेद- ४

### छनौट, समिति, छनौटका प्रक्रिया, पत्रकारको योग्यता, पुरस्कार रकम र वितरण

**७) पुरस्कार छनौट समिति**

क एनआरएनसीसी कतार पत्रकारिता पुरस्कार छनौट समितिमा एक संयोजक सहित बढीमा ५ सदस्यीय छनौट समितिको गठन गर्नेछ । छनौट समिति देहाय बमोजिम हुनेछ । छनौट समिति पत्रकारीता पुरस्कार प्राप्त गर्ने पत्रकारहरु छनौट गर्ने प्रयोजनको मात्र हुनेछ ।

१) राष्ट्रिय समन्वय परिषदको अध्यक्ष .......... संयोजक

२) राष्ट्रिय समन्वय परिषदको कार्यसमिति सदस्य १ जना .......... सदस्य

३) राष्ट्रिय समन्वय परिषदको पञ्जिकृत सदस्यहरु मध्येवाट कार्यसमितिको निर्णयबाट ... १ जना सदस्य

४) नेपाल पत्रकार महासंघ कतारका अध्यक्ष वा निजले तोकेको एक जना प्रतिनिधी.... १ जना सदस्य

५) एनसीसीको प्रवक्ता सदस्य सचिव .... १ जना

**८. पुरस्कारको लागि योग्यता :**

१) पुरस्कार छनौटमा पर्ने व्यक्ति नेपाल पत्रकार महासंघ नेपाल तथा कतारबाट मान्यता प्राप्त सदस्य हुनु पर्नेछ ।

२. बिशेष गरी कतारमा रहि वा वाहिर रहेर कतारको नेपाली समाजको गतिविधि तथा क्षेत्रको समाचार वा रिर्पोटिङलाई प्राथमिकता दिई पत्रकारिता गरेको हुनुपर्नेछ ।

३. पत्रकारितामा आवद्ध भएको कम्तिमा दुई वर्ष पुगेको हुनुपर्नेछ ।

४. खोजमुलुक रिपोर्ट र फिचरलाई प्राथमिकता दिइने छ ।

**९) पत्रकार छनौटका प्रक्रिया :**

क) उत्कृष्ट पत्रकारको छनौट गर्दा पेशा प्रतिको निष्ठा, निरन्तरता, समर्पण, इमान्दारिता, पत्रकारिताको मूल्य, मान्यता प्रतिको प्रतिवद्धता, नेपाल पत्रकार महासंघ र प्रेस स्वतन्त्रता प्रतिको दृढता रहेको हुनुपर्नेछ ।

ख) कम्तिमा तीन प्रतिस्पर्धीको नाम छनौट समितिले माइन्युटमा राख्नुपर्ने छ ।

ग) छनौट समितिका सदस्यको ५१ प्रतिशत संख्यालाई गणपुरक संख्याको रुपमा लिइनेछ ।

घ) बैठकले पुरस्कार दिने प्रयोजनको निम्ति सिफारिश समितिद्धारा प्रस्तावित पत्रकार वा संस्थाको छनौट गर्ने निर्णयलाई कार्यसमितिले बहुमतबाट अनुमोदन गर्नु पर्नेछ ।

ङ) छनौट प्रक्रियामा सहभागी हुनका लागि निवेदकले कम्तिमा उत्कृष्ट तीन वटा समाचार, फिचर र लेख रचना प्रकाशन तथा प्रशारण गरेको सामग्री पेश गर्नुपर्ने छ ।

च). त्यस्तो सामाग्री प्राप्त हुन नसकेको अवस्थामा छनौट समितिले विवेकपूर्ण ढंगले निर्णय गर्न सक्नेछ ।

**१०) पुरस्कार रकम:**

क). पुरस्कार रकमको भुक्तानी गर्ने दायित्व एनआरएनए एनसीसी कतारको हुनेछ । एनआरएनए एनसीसीको आन्तरिक कोषबाट यसको व्यवस्थापन गरिनेछ ।

ख) पुरस्कारको राशी हाललाई ने.रु. १५,००१ -अक्षरेपी पन्ध्र हजार एक रुपैंयाको हुनेछ। कतारी रियालमा भुक्तानी गर्ने समयको विनियमय दर अनुसार भुक्तानी गरिनेछ।

ग) पुरस्कार राशी समय र परिस्थिति अनुसार वृद्धि गर्दै लगिनेछ।

**११) पुरस्कार वितरण :**

क). पुरस्कार वितरण समारोहको व्यवस्थापन एनआरएनए एनसीसी कतारले गर्नेछ।

ख). पुरस्कृत व्यक्तिलाई दिइने प्रमाण पत्रमा प्रमुख अतिथि, छनौट समितिको संयोजक र एनसीसी कतारका अध्यक्षको संयुक्त हस्ताक्षर रहनेछ।

ग). पुरस्कार वितरण कार्यक्रम हरेक दुई बर्षमा परिषद भेलाको समय पारी गरिनेछ।

## परिच्छेद- ५

### पत्रकारिता पुरस्कार छनौट समितिको पदावधी तथा काम कर्तब्य र अधिकार

**१२). छनौट समितिको पदावधि**

क) छनौट समितिको पदावधी एनसिसिको प्रत्येक कार्यकालमा नियुक्ति भएको मिति देखि पुरस्कार हस्तान्तरणको मिति सम्म हुनेछ।

**१३) काम कर्तव्य र अधिकार निम्न अनुसार हुनेछ।**

क) राष्ट्रिय समन्वय परिषद कतारको उद्देश्यहरु पुरा गर्न उल्लेखनिय भूमिका निर्वाह गर्ने।

ख) कार्यसमितिले आयोजना गरेका विबिध गतिविधिहरु सफल पार्न क्रियाशिल रहने।

ग) कार्यसमितिले दिइएका निर्देशनहरुको पालना र कार्यान्वयनका लागि क्रियाशिल रहने।

घ) कार्यसमितिलाई कार्य सम्पादनको प्रतिवेदहरु उपलब्ध गराउने र बैठकमा भाग लिने।

ङ) कार्यसमितिको बैठकबाट पारित निर्णयहरु कार्यान्वयन गर्ने।

च) नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु पुरा गर्न प्राथमिकता हेरी कार्य सम्पादन गर्ने।

छ) छनौट समितिका संयोजकले आफू मातहतका समितिको बैठक अध्यक्ष गर्नेछ र सदस्यहरुलाई कार्य विभाजन सहित सम्पादनमा निर्देशन दिन सक्नेछ।

ज) संयोजकको अनुपस्थितीमा निजले गरि आएको कार्यभार निजले तोकेको समिति सदस्यले गर्नेछ।

झ) कुनै सदस्यको पद पदावधी अगाडी नै कारणवस रिक्त हुन आएमा राष्ट्रिय समन्वय परिषदका कार्यसमितिको वैठकले पदपूर्ति गर्नेछ।

ञ) छनौट समिति पूर्ण रुपमा कार्यसमिति प्रति उत्तरदायी हुनेछ।

ट) राष्ट्रिय समन्वय परिषदका कार्यसमितिले तोकिएका अन्य कामहरु गर्ने।

ठ) कार्यसमितिका पदाधिकारीहरु आमन्त्रित सदस्यको रुपमा बैठकमा भाग लिन पाउनेछन्।

## परिच्छेद- ६

### अनुशासन तथा कारवाही सम्बन्धि ब्यवस्था

**१४. अनुशासन सम्बन्धि ब्यवस्था :-**

क) राष्ट्रिय समन्वय परिषदको विधानको परिच्छेद ७ को दफा २५ मा भएको ब्यवस्था बमोजिम नियमहरु सदैव पालना गर्नु पर्नेछ।

ख) पुरस्कार छनौट समितिले यस कोषको उद्देश्य तथा राष्ट्रिय समन्वय परिषदको निर्देशनलाई सदैव पालना गर्नु पर्नेछ।

ग) पुरस्कार छनौट समितिले आग्रह, पूर्वाग्रह, नातावाद, कृपावाद विचार र अन्य कुनै पनि स्वार्थवाट माथि रहि नि:स्वार्थ मानविय सहयोगलाई मुल उद्देश्य मानी कार्यहरु गर्नु पर्नेछ ।

घ) पुरस्कार छनौट समितिका संयोजक तथा सदस्यहरुले एनआरएनए एनसीसी कतारको आचार सहिंता नियमावली २०१८, यस नियमावली र कार्यसमितिका बैठकहरुले नियमानुसार बहुमतबाट पारित निर्णयहरुलाई पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

**१५. कारवाही सम्बन्धि व्यवस्था :-**

क) यस पुरस्कारको छनौट गर्दा छनौट समितिले पदीय मर्यादा उलंघन गरेको देखिएमा कार्यसमितिको वहुमतको निर्णयले काम कारबाहीहरु रोक्का गरी आवश्यक कारवाही गर्न सक्नेछ ।

ख) राष्ट्रिय समन्वय परिषदको विधानको परिच्छेद ७ को दफा २५ मा उल्लेख भएको नियमहरु उलङघन भएको पाईमा वा पदीय मर्यादा उलंघन गरेको देखिएमा तथा आर्थिक अनियमितता भएको पाईएमा वा संस्थाको आचार संहिता उलंघन गरेको देखिएमा विधानको दफा २६ मा भएको व्यवस्था बमोजिमका कारबाही प्रक्रियाहरु अघि बढाईनेछ ।

## परिच्छेद- ७

विविध

**१६. नियमावलीको व्याख्या**

यो नियमावलीको व्याख्या गर्ने अधिकार राष्ट्रिय समन्वय परिषद कतारको कार्यसमितिलाई हुनेछ ।

**१७. सर्वाधिकार :-**

क) यस पुरस्कारको सर्वाधिकार राष्ट्रिय समन्वय परिषद कतारमा रहनेछ । कार्यसमितिले यसको औचित्य नदेखिएमा कारण खुलाई विघटन गर्न सक्नेछ । तर कार्यसमितिको पारित निर्णयलाई राष्ट्रिय समन्वय परिषदको वार्षिक भेलाबाट अनुमोदन गराउनु पर्नेछ ।

**१८. बाधा अड्काउ फुकाउने**

यी नियमहरू बमोजिम काम कारबाही गर्दा-गराउँदा कुनै किसिमको बाधा अड्काउ पर्न गएमा त्यस्तो बाधा अड्काउ हटाउने वा फुकाउने अधिकार राष्ट्रिय समन्वय परिषद कतारलाई हुनेछ ।

१९. यस नियमावली-२०१९ मा लेखिए जति सोही नियम बमोजिम र सो मा नलेखिएका अन्य व्यवस्थाहरूको हकमा राष्ट्रिय समन्वय परिषद कतारको विधान र कार्यसमितिको निर्णय बमोजिम हुनेछ ।

**२०. नियमावली जारी :-**

यो नियमावली राष्ट्रिय समन्वय परीषद कतारको २६ अप्रील २०१९ मा बसेको कार्यसमितिको नवौं पूर्ण बैठकबाट पारित भई पारित भएकै मिति बाट लागू हुनेछ ।

......समाप्त ......